जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४१ पृष्ठः ४ | २०८२ माघ ०२ बिहीबार (Friday 16 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सुत्केरी र नवजात शिशुको घरदैलोमै स्वास्थ्य जाँच अभियान



**मणिलाल विश्वकर्मा**

लहान, १ माघ। जनसंख्या र भूगोलको दृष्टिकोणले जिल्लाकै सबैभन्दा ठूलो सिरहाको लहान नगरपालिकाले सुत्केरी आमा र नवजात शिशुको घरदैलोमै पुगेर स्वास्थ्य जाँच अभियान थालेको छ। सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्यको जाँच गरी आवश्यक सुझाव र परामर्श दिनेगरी अभियान थालिएको नगर प्रमुख महेशप्रसाद चौधरीले बताए। 'विशेष शारीरिक अवस्थाका सुत्केरी र नवजात शिशुको स्वास्थ्य सवल राख्न अभियान थालिएको हो' उनले भने।

अभियान संचालनका लागि उनले आफ्नै कार्यकक्षमा नगर क्षेत्र अन्तर्गत १२ वटा स्वास्थ्य केन्द्रका नर्सिङ् कर्मचारीहरुलाई बुधबार विपी सेट, स्टेथेस्कोप र झोलालगायत सामग्री हस्तान्तरण गरे। नगर क्षेत्रमा रहेका स्वास्थ्य चौकी अन्तर्गत पर्ने सेवा क्षेत्रका सुत्केरी, नवजात शिशुको स्वास्थ्य जाँचसहित आवश्यक परामर्शका लागि नर्सिङ् कर्मचारी घर घरमै पठाउने व्यवस्था मिलाइएको उनले बताए। उनका अनुसार यातायातको सहज उपलब्धता नरहेका ग्रामीण भेगका सुत्केरीलाई लक्षित गरी कार्यक्रम संचालन गरिएको हो।सुत्केरी आमा वा नवजात शिशुको समयमै स्वास्थ्य जाँच, उपचार र आवश्यक परामर्शको अभावमा स्वास्थ्य बिग्रिन नपाओस् भन्ने उद्देश्यले अभियान थालिएको उनले बताए।

नगर स्वास्थ्य शाखा प्रमुख सिअहेव अधिकृत बिन्देश्वर चौधरीका अनुसार सुत्केरी भएपछि हरेक महिला र नवजात शिशुको २४ घण्टा, तीन दिन, सातदेखि १४ दिन र ४२ दिनमा गरी चार पटक स्वास्थ्य जाँच गरिनुपर्छ। 'सुत्केरीहरु स्वास्थ्य जाँचका लागि नवजात शिशुसहित नजिकको स्वास्थ्य संस्थामा पुग्न पनि कठिनाई हुने गरेको पाइएको छ' उनले भने 'अभियानअन्तर्गत सुत्केरीको रक्तचाप, ज्वरो, शिशुको समेत

–बाँकी तीन पेजमा

## थारु बस्तीमा माघीको उमङ्ग




सिरहा, १ माघ। माघको कठ्याङ्ग्रिदी जाडोलाई बेवास्ता गर्दै सिरहासहित आसपासका जिल्लाका थारु बस्तीमा माघी पर्वको उल्लास छाएको छ। थारु समुदायले नयाँ वर्षका रूपमा मनाउने यस पर्वका कारण यतिबेला गाउँगाउँमा रमाइलो वातावरण बनेको छ। माघीको अवसरमा थारु महिलाहरू चामलको पिठोबाट बनाइने परम्परागत परिकार 'ढिक्री', अनदीको जाँड, रोटी र माछाका विभिन्न परिकार बनाउन व्यस्त छन्। गाउँका अगुवाको घरमा जम्मा भएर वर्षभरिको योजना बनाउने र सामूहिक रूपमा पर्व मनाउने तयारी भइरहेको छ।

सिरहाको लहान र धनगढीमाई नगर क्षेत्र, जहाँ थारु समुदायको बाक्लो उपस्थिति छ, त्यहाँ एक हप्ताअघिदेखि नै तयारी सुरु भइसकेको थियो। लहानका वानोगाउँ, गोठटेल, पडरिया र बर्छवालगायतका स्थानमा माघी मेलाको रौनक सुरु भइसकेको छ। थारु कल्याणकारिणी सभाका जिल्ला सभापति सत्यनारायण चौधरीका

–बाँकी तीन पेजमा

## मेसिन सफा गर्ने क्रममा लडेर मजदुरको मृत्यु

**विनय कर्ण**

सप्तरी, १ माघ। (सप्तरी), माघ १ गते। सप्तरीको शम्भुनाथ नगरपालिकामा मेसिन सफा गर्ने क्रममा लडेर एक मजदुरको मृत्यु भएको छ। नगरपालिकाको वडा ६ कठौनास्थित मनोज कुमार काबराको प्रमोद राइस सेलर मिलमा काम गर्ने मजदुरको दुर्घटनामा परी मृत्यु भएको हो। जिल्लाको खडक नगरपालिका बडा नम्बर ४ पनसेरा घर भएका ३५ वर्षीय अर्जुन विक को मेसिन सफा गर्ने क्रममा करिब २० फिट उचाइबाट खसेर बुधबार घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए। मृतकको शव पोस्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज ल्याइएको प्रहरीले जनाएको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812


**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक श्रद्धाञ्जली**



जन्ममिति २००७/०३/१५

**स्व. बेचन यादव**

स्वर्गारोहरण मिति २०८२/०९/२१

**मधेश प्रदेश अन्तर्गत पर्ने सिरहाको औरही गाउँपालिका-५ निवासी पत्रकार सन्तोष यादवका पूज्यणीय बुवा ७५ वर्षीय बेचन यादवको यही मिति २०८२ पुस २१ गते सोमबारका दिन स्वर्गारोहन हुन भएको १३औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनहरुप्रति हार्दिक समवेदना प्रकटक गदर्छौं।**

**मार्गानुगामी दैनिक** तथा
marganugami.com
गोलबजार, सिरहा

# सम्पादकीय

## सभापति थापाका चुनौती

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनले गगनकुमार थापालाई पार्टीको सभापति चुनेको छ। महाधिवेशन प्रतिनिधिहरूको बहुमतले पार्टीको विधानबमोजिम गरेको विशेष महाधिवेशनको मागलाई तत्कालीन केन्द्रीय समितिको बहुमतले अस्वीकार गरेपछि तत्कालीन महामन्त्री द्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासमेतको अग्रसरतामा काठमाडौंमा विशेष महाधिवेशन बोलाइएको थियो। विशेष महाधिवेशन सुरु भएपछि तत्कालीन सभापति शेरबहादुर देउवा पक्षधरहरूले वार्ताका नाममा अलमल्याउन र महाधिवेशन तुहाउन निकै प्रयास गरेका थिए। त्यस क्रममा विशेष महाधिवेशन पक्षधरहरू निकै लचिलो हुँदा पनि देउवाले पार्टीमा कार्यकारी भूमिकामा सक्रिय हुने हठ छाडेनन्। मूलतः देउवाकै हठका कारण विशेष महाधिवेशनले नयाँ कार्यसमिति निर्वाचित गर्नुपरेको थियो।

यसबीच देउवा नेतृत्वको कार्यसमितिले तत्कालीन महामन्त्री द्वय थापा र शर्मालाई निष्कासन गरेको छ। यद्यपि, सानेपामा त्यो निर्णय गर्नुभन्दा पहिले नै विशेष महाधिवेनले तत्कालीन केन्द्रीय समिति नै भङ्ग गरिसकेको थियो। यी सबै त कानुनी दाउपेचका विषय भए। राजनीति रकमी दाउपेचका भरमा चल्दैन। जति नै कट्टु भए पनि राजनीति धरातलको यथार्थमा आधारित हुन्छ। अहिलेको यथार्थ भदौ २३ र २४ को जेन–जी आन्दोलनमा भएको दमन र विध्वंस हो। आन्दोलन नाममा त्यतिबेला नेपाली समाजमा गुम्सेर बसेको असन्तोषको विस्फोट भएको थियो। निरन्तर लामो समयसम्म शासन सत्तामा रहेका राजनीतिक नेतृत्वलाई देशको दुर्दशाका जिम्मेवार ठानेर युवा आन्दोलनकारीले आक्रमण गरेका थिए।

देउवा र उनका समर्थकहरू विद्रोहको यथार्थ आत्मसात् गर्न तयार भएनन् भने जेन–जी विद्रोहपूर्व नै समयको पदचाप सुन्न झकझक्याइरहेका थापा, शर्मालगायतका नेपाली कांग्रेस नेताहरूले विद्रोहबाहेक अर्को उपाय देखेनन्। यसैले कानुन वा विधानले जे भने पनि वा सजिलोका लागि जे संज्ञा दिइए पनि विशेष महाधिवेशन, २०८२ नेपाली कांग्रेसभित्रको विद्रोह हो विभाजन होइन। यसैले नवनिर्वाचित सभापति थापाका सामु अहिले विद्रोहको औचित्य सिद्ध गर्नुपर्ने चुनौती सबैभन्दा प्रमुख देखिन्छ। देउवाले यसअघि २०५९ सालमा नेपाली कांग्रेस फुटाउँदा औचित्य सिद्ध गर्न सकेका थिएनन्। देउवाले पार्टी सञ्चालनमा एकलौटी गरेको, विधि वा प्रक्रिया पालन नगरेको र असहिष्णुता देखाएको जस्ता आरोप कोइरालामाथि लगाएका थिए। विडम्बना, पार्टीको नेतृत्वमा पुग्नेबित्तिकै देउवाले पनि तिनै प्रवृत्ति दोहोराए। देउवा कोइराला –२ जस्तै देखिए।

सम्भवतः सभापतिका रूपमा गगनकुमार थापाका सामु रहेको सबैभन्दा ठूलो चुनौती देउवा–२ बन्नबाट जोगिनु हो। पार्टीलाई खल्तीको वस्तु ठान्ने देउवा प्रवृत्ति नेपालमा क्रियाशील नयाँ पुराना सबै पार्टीका नेतामा छ। यस्तै आफूलाई विशेष र कार्यकर्तालाई मामुली ठान्ने ओली प्रवृत्ति पनि उत्तिकै व्याप्त छ। यस्तो अधिनायकवादी प्रवृत्तिबाट जोगिनु थापाका लागि पहिलो चुनौती हो। त्यस्तै, देउवाले पार्टी सञ्चालन गर्दा पार्टीको विधान, लोकतान्त्रिक विधि, प्रक्रिया र प्राकृतिक न्यायको सिद्धान्तको पहिल्यै सम्मान गरेनन्। पार्टीले पाएका अवसर जनता वा कार्यकर्ताका लागि नभएर देउवाका कृपापात्रहरूमा सीमित बन्यो। कार्यकर्ता मोही र देउवा तलसिङजस्तै देखिएका थिए। यसरी तजबिजमा चलेको पार्टीलाई लोकतान्त्रिक विधि एवं प्रक्रियाअनुसार सञ्चालन गर्नु सभापति थापाको अर्को चुनौती हो।

अहिले चुनाव मुखैमा आएकाले सम्भवतः थापाले सबै ध्यान त्यसमै केन्द्रित गर्नुपर्ला। तर, उमेदवार चयनका लागि संसदीय बोर्डको गठनदेखि छनोटमा अपनाइने प्रक्रिया सभापति थापाको लोकतान्त्रिक प्रतिबद्धताको कसी बन्नेछ। सभापति थापाले नेपाली कांग्रेसलाई लोकतान्त्रिक विधि र प्रक्रियाबाट सञ्चालन गरेर अगाडि बढाउन सके भने त्यसले नेपालको राजनीतिक संस्कार नै परिमार्जन गर्ने बाटो देखाउन सक्छ। थापाले सभापति चुनिएपछि भनेका छन्, "जुन विश्वासका साथ सभापतिको जिम्मेवारी सुम्पिनुभएको छ तपाईंहरू कसैको पनि शिर निहुरिने अवस्था आउन दिनेछैन।" आशा गरौं, थापा आफ्ना कथनमा अडिग रहनेछन्। यावत्, चुनौतीहरूको सामना गर्दै नेपाली राजनीतिमा सशक्त हस्तक्षेप गरेजस्तै सफल नेतृत्व गर्न पनि थापा सफल हुनेछन्। शुभकामना !

# ४२ वर्षअघिको पिस्कर हत्याकाण्ड सम्झँदा...

**अमृत बोहरा**

सरेश नेपालले तयार गर्नु भएको 'जेलभित्रका संघर्ष' एउटा खोजपूर्ण, पठनीय एवं संग्रहणीय ऐतिहासिक दस्ताबेज हो। नेपाली राजनीतिक/सामाजिक आन्दोलनका अन्वेषकहरूलाई उपयोगी हुने ढङ्गले अत्यन्त मेहनतपूर्वक तयार गर्नुभएको पुस्तकले मानिसको मानसपटलबाट करिब हराउँदै गएको ४२ वर्ष अघिको 'पिस्कर हत्या काण्ड'लाई अझै ताजा रुममा प्रस्तुत गराएको छ। पुस्तकले २०४० मा घटना हुनुको पृष्ठभूमि, पिस्कर जस्तो विकट गाउँमा कसरी नेपाल कम्युनिस्ट पार्टी कोअर्डिनेसन केन्द्र हुँदै तत्कालीन नेकपा (माले) को प्रवेश भयो त्यसको सेरोफेरो तथा संघर्षको समय रणमैदानमा क्रूर निरंकुश पञ्चायती शासकहरूको बर्बर दमनचक्र विरुद्ध क्रान्तिकारी जनसमुदायबाट कसरी अभूतपूर्व जनप्रतिरोध भए र त्यसपछिको दमन धरपकडलाई चिर्दै प्रतिकार र परिवर्तन प्रतिको आफ्नो आस्था एवम् विश्वासलाई निरन्तर बचाईराख्न जेलभित्र र वाहिर गरेको संघर्षको गौरवगाथालाई सूक्ष्म रूपमा प्रकाश पार्ने कोसिस गरिएको छ।

पुस्तकका भाषा, शब्द र शैलीहरू सरल छन्। लेखनकला जनबोलीमा आधारित, प्रस्तुति संस्मरणात्मक भएकोले पढ्नमा अत्यन्त रोचक छन्। यस अर्थमा प्रस्तुत पुस्तक पठनीय र संग्रहणीय छ। इतिहासलाई बिर्सेर भविष्यको मार्गचित्र कोर्न सकिँदैन। तर अहिले हाम्रो नेपाली समाजमा इतिहासलाई उपेक्षा गर्ने प्रवृत्ति बढेका छन्। वास्तवमा भन्ने हो भने आज हामीले जे राजनीतिक सामाजिक परिवर्तन गरेका छौँ, त्यो विगतका ऐतिहासिक संघर्ष र अग्रज पुस्ताले गरेको कठोर मेहनत, त्याग र बलिदानकै फूल हो। यसलाई वर्तमान क्रान्तिकारी पुस्ताले अझै सुक्ष्मरूपमा खोजेर सम्मान र प्रकाशन गर्नु पर्छ।

हामीले आफ्नो इतिहास कहिल्यै बिर्सनु हुँदैन। जनताका जिउँदा संघर्षका इतिहासहरू लोप हुँदै छन्, यो डरलाग्दो समस्या हो। इतिहासलाई हामीले मार्क्सवादी कोणबाट हेर्नु र विश्लेषण गर्नु पर्छ। यो नै एउटा वैज्ञानिक पद्धति हो। इतिहासमा मेरो मात्र योगदान छ। त्यसैले मेरो मात्र इतिहास लेखिनुपर्छ भन्ने प्रवृत्ति सामन्ती चिन्तनमा आधारित एकपाखे अमार्क्सवादी दृष्टिकोण हो। हामीले बुझ्नुपर्छ, इतिहासमा धेरै नेता/कार्यकर्ता र संघर्षशिल जनताको भूमिका एवम् योगदान निहित हुन्छ। यसलाई सम्पन्न गर्नु नै साँचो अर्थमा इतिहासलाई सम्मान गर्नु हो।

आफ्नो संस्मरणमा लेखकले आन्दोलनमा विभिन्न वर्ग तह र तप्का जनसमुदायले गरेका संघर्षका इतिहासलाई सर्वसाधरण जनसमुदायले बुझ्ने भाषामा प्रस्तुत गर्नु भएको छ, यसैलाई लेखकको लेखकीय क्षमता मान्नु पर्छ। नेपाली जनताले निरङ्कुश राणा शासनका विरुद्ध 'प्रजातन्त्र प्राप्तिका निम्ति' गरेका बलिदानी पूर्ण संघर्षका आफैँ गौरवशील इतिहास छन्। क्रान्तिकारी भिमदत्त पन्तका सुदुरपश्चिममा किसान संघर्ष, बारा रौतहटका किसान संघर्ष, त्यसैगरी पञ्चायतकालमा झापा, छिन्ताङ, पिस्कर, दाङ, जुगेडी लगायत देशका विभिन्न भागमा धेरै किसान संघर्षहरू भए। ती संघर्षहरू केवल सामन्ती शोषण अत्याचार विरुद्धका मात्र नभै राजनैतिक अधिकार प्राप्तिका पनि संघर्ष थिए।

सात सालको राजनैतिक क्रान्तिपछि स्थापित संसदीय व्यवस्थालाई निरंकुश राजाले हठात् भङ्ग गरी देशमा जबरजस्ती निर्दलीय पञ्चायती शासन लादे। यद्यपि यसको कुनै प्रवाह नगरी राजनैतिक पार्टीहरूको परोक्ष वा प्रत्यक्ष नेतृत्वमा माथि उल्लेखित अनेकौं संघर्षहरू भएका छन्। त्यसक्रममा आन्दोलनका दौरान कैयनले आफ्नो जीवनको आहुति दिए भने हज्जारौँले जेलनेलको यातना र सयौँले कग्टसाध्य भूमिगत जीवन बिताउन बाध्य भएको हाम्रो विगत छन्। हामीले यी कुराहरूको सबल र दुर्बल पक्षको वस्तुनिष्ठ लेखाजोखा गरी संघर्षमा यातना भोगेको ऐतिहासिक क्रान्तिकारी योद्धाहरूको प्रेरणादायी आदर्शको बारेमा नयाँ पुस्तालाई जानकारी दिनु हामी सबैको कर्तव्य हो।

हामीले विगतलाई राम्ररी सम्झने प्रयत्न गरौँ। हाम्रो विगत कति निर्मम, निर्दयी र निरंकुश थियो। आधारभूत रूपमा देशमा अहिले लोकतन्त्र छ। हामी प्रत्येक कुरामा खुल्ला र स्वतन्त्र छौँ। पहिले जनतालाई बोल्ने लेख्ने, सभा, संगठन गर्ने कुनै अधिकार थिएन। समाज एक प्रकारले बन्द र अन्धकारपूर्ण थियो। ग्रामीण क्षेत्रमा सर्वसाधारण जनतामाथि सामन्ती जाली फटाहरूको ठुलो दबदबा रहन्थ्यो। आफूमाथि भएका वर्गीय शोषण र अत्याचार विरुद्ध सानो आवाज उठाउन पनि राजा/वस्था विरोधी, अराष्ट्रिय र उग्रवादीको आरोपमा जेलनेल खानु सामान्य कुरा मानिन्थ्यो। तर शासकहरूका यस्ता दमनकारी हथकण्डाहरूको कुनै पर्वाह नगरी भएको पिस्कर आन्दोलन त्यस्तै पुर्ख्यौली सामन्ती शोषण उत्पिडन विरुद्धको एक सशक्त विद्रोह थियो।

यसका निमित्त हामीले लामो समयदेखि हाम्रो प्रचार, संगठन र संघर्षको क्षेत्रलाई विशेष गरी आधारभूत वर्गका किसानकाबीचमा केन्द्रित गरेका थियौँ। यो हाम्रो वर्ग दृष्टिकोण पनि हो। लेखकले आफ्नो संस्मरण पुस्तकमा तत्कालीन निरंकुश शासनको समयमा सिन्धुपाल्चोकको एक विकट गाउँ पिस्करमा भएको आन्दोलनको उच्च मूल्याङ्कन सहित निरंकुश पञ्चायती व्यवस्थाको शासनकालभरीकै ग्रामीण वर्ग संघर्षहरूको विभिन्न घटनाहरू मध्य पिस्कर विद्रोह सबैभन्दा विपन्न तथा पछाडि पारिएका समुदायको वर्ग सचेत विद्रोहको रूपमा व्यवस्थित ढङ्गले चित्रण गर्नु भएको छ।

यो विश्लेषण अत्यन्त सही र सटिक छन्। पिस्कर विद्रोहमार्फत अभिव्यक्त भएको जनताको भावनालाई अझ स्पष्ट पार्दै उहाँले सामन्ती राजतन्त्र विरूद्ध एउटा मनोवैज्ञानिक तरङ्ग ल्याइ दिने आन्दोलनको रूपमा व्याख्या अघि सार्नु भएको छ। यस सम्बन्धमा मलाई एक जना राजनीतिक संगठकको नाताले राम्ररी सम्झना छ, हामीले त्यसवेला किसानहरूलाई पार्टीको तर्फबाट प्रारम्भिक राजनीतिक शिक्षा प्रदान गर्दा पनि सामन्ती राजनीतिक आर्थिक जगमा खडा भएको राजतन्त्रको अन्त्य र जनताको गणतन्त्र विना हामीले वास्तविक मुक्ति पाउँदैनौँ। यी कुराहरू हामी किसानलाई राम्री नै राख्थ्यौँ।

पिस्कर विद्रोहपछि कतिपय मान्छेले टिप्पणी गरे, यो केही 'टाठाबाठालाई विशेष सुविधा दिन र नेता बनाउन मात्र गरिएको आन्दोलन हो।' वास्तवमा यो उनीहरूको अति सङ्कीर्ण र आन्दोलनलाई हेर्ने गलत दृष्टिकोणको उपज मात्र थियो। लेखकले आफ्नो लेखको विभिन्न उपशीर्षकमा पिस्कर आन्दोलनमा संलग्न हुने धेरै जनता र कार्यकर्ताको वैचारिक तथा राजनैतिक स्तर भावना र दृढताको सविस्तार उल्लेख गरेर यस आन्दोलनलाई विकृत र अपव्याख्या गर्दै हिड्ने आन्दोलनका विरोधीहरूलाई जोडदार जवाफ दिनुभएको छ। म ती कुराहरूको खुलेर प्रशंसा गर्न चाहन्छु।

पिस्कर महादेव स्थानमा परापूर्वकालदेखि नै पुस मसान्त अर्थात् माघे सङ्क्रान्तिको अघिल्लो रात भव्य मेला जात्रा लाग्ने गर्छ। माघे सङ्क्रान्तिलाई यहाँको स्थानीय थामी, तामाङ, गुरुङ, शेर्पा, नेवार, बाहुन, क्षेत्री, दलित लगायत सबै जातीहरूले असाध्य महत्वको पर्वका रूपमा मनाउँछन्। महादेवस्थान जात्रामा पिस्करका अतिरिक्त तौथली, टेकनपुर, धुस्कुन, चोकटी, घोर्थली, बाह्रबिसे, राम्चेलगायत धेरै गाउँका श्रद्धालुहरू भेला भएर गाउने नाच्ने र रमाइलो गर्ने गर्छन्। जात्रामा आउनेहरूलाई तरुल, सखरखण्ड, भुटेको मकै आदि खुवाएर स्वागत गर्ने त्यहाँको जनसमुदायको प्रचलन थियो।

जात्रामा ठुलो संख्यामा जनसमुदायको उपस्थिति रहने भएकाले तत्कालीन नेकपा मालेले अप्रत्यक्ष रूपमा भेलालाई सांस्कृतिक चेतना र हल्का राजनैतिक जागरणको रूप दिने उद्देश्यले जनवादी गीत नृत्य र स्थानीय शोषण विरोधी प्रगतिशील नाटक मञ्चन गर्ने योजना वनाएको थियो। कार्यक्रममा अमृत बोहरा लगायत मालेका उच्च नेताहरू आउँछन् र राजतन्त्र अन्त्य गर्ने आन्दोलनको घोषणा गर्छन् भन्ने कथित सूचनाका आधारमा केन्द्रीय प्रशासन काठमाडौँबाट ठुलो संख्यामा हतियारधारी प्रहरी उतारी अन्धाधुन्ध गोली बर्साइयो।

प्रतिरोध संघर्षका क्रममा किसान योद्धाइलि थामी, वीर बहादुर थामीले सहादत प्राप्त गर्नुभयो। गोली हानेर घाइते पारी झन्डै एक दर्जनलाई गिरफ्तार गरी रगत चुहाउँदै अत्यन्त निर्दयी र अमानवीय रूपमा काठमाडौँ ल्याइयो। अझ ठुलो जनप्रतिरोध हुने भयले प्रहरीहरू त्यहाँबाट भागे र सहिदका शवलाई जनताले आफ्नै विधि र परम्पराअनुसार अन्तिम संस्कार गरे। यसरी शान्तिपूर्ण सांस्कृतिक कार्यक्रममा नृशंस दमन गरेर सरकारले आफ्नो खुनी शासनको असली चरित्र प्रदर्शन गर्दै पिस्कर हत्याकाण्डको रचना गऱ्यो।

हत्याकाण्डको बिरोधमा देशभरि नै पर्चा पोष्टरिङ तथा भित्ते नारा तथा विरोध प्रदर्शनहरू गरेर आन्दोलनलाई राष्ट्रव्यापी बनाइयो। प्रतिबन्धित नै भए पनि राजनीतिक र मानवअधिकारकर्मीहरूबाट पिस्कर हत्याकाण्डको विरोध र भर्त्सना गर्दै वक्तव्यहरू आए। यी कुराहरूको इतिवृत्तान्त ०४१ सालमा अर्धभूमिगत रूपमा हिमाली प्रकाशनको नाममा नेकपा मालेद्वारा प्रकाशित 'पिस्कर दमन र प्रतिरोध' मा उल्लेख भएका छन् र प्रतिकूल परिस्थितिमा प्रकाशित उक्त पुस्तक धेरै महत्त्व छ।

वि।स। २०४० को विद्रोह मूलतः सामन्त विरोधी आन्दोलनको एउटा पराकाष्ठा नै थियो। त्यसभन्दा पहिला पनि पिस्कर वरपर सानाठूला अनेकौं किसान आन्दोलनहरू भएका थिए। उदाहरण स्वरूप चक्रवृत्ति व्याज, वत्याहा, जाली तमसुक, वेठिगुहार, धुरिकर गुठिजग्गा, भकारी कब्जा, महिलाहरूका अस्मिता इज्जत लुट्ने लठैत गुन्डा प्रशासन विरुद्ध, सामूहिक गिरफ्तारी तथा सामन्ती जाली फटाहालाई जनताको घेरामा उभ्याएर उसको अत्याचारको भण्डाफोर गर्दै सामूहिक रूपमा थुक्ने 'थुक आन्दोलन' आदि चर्चित आन्दोलनका रूपहरू हुन्।

यस्तै आन्दोलनको कारण जनताको राजनीतिक चेतना विकास भएको हो। यस आन्दोलनमा गरिब किसान जनताको विशेष भूमिका थियो। लेखकले आफ्नो संस्मरणमा मसिनो गरी मिति तिथि र व्यक्तिहरूको नाम सहित यस प्रकारको प्रसङ्गलाई खोतल्ने कोसिस गर्नुभएको छ। उहाँले जोड दिएर लेख्नु भएको छ, नेपालको ग्रामिण क्षेत्रको वर्ग संघर्षका इतिहासका पानाहरू मध्य पिस्कर बिद्रोहबाट सिक्ने, ग्रामिण क्षेत्रको वर्गीय विशेषता सहितको विद्रोहलाई सामाजिक आर्थिक रूपान्तरणका प्रकृयामा जोड्ने काममा पिस्कर एक उपयुक्त बहसको केन्द्र बन्न सक्छ।

यो कुराहरू धेरै महत्त्वपूर्ण छन् र यसलाई राजनैतिक परिवर्तनको आन्दोलनसँग जोडेर हेर्नुपर्छ। सरेश नेपाल पिस्कर हत्याकाण्डको बेला भर्खरै यूवा तन्नेरी हुनुहुन्थ्यो। यद्यपि उहाँ त्यसवेलादेखि नै मार्क्सवादी विचारको सम्पर्कमा आइसक्नु भएको थियो। विद्यार्थी जीवनदेखि नै अरुण नेपाल र सरेश नेपाल प्राय साथ साथै रहनुहुन्थ्यो र उहाँहरू दुवै नजिकको दाजुभाइ पनि हो। दुवैजना अनेरास्ववियु एकताको पाँचौँमा आबद्ध पनि। उमेर कलिलै भएपनि उहाँहरूले पार्टीलाई गुप्त रूपमा सहयोग गर्नु हुन्थ्यो। अनेरास्ववियसु एकताको पाँचौँलाई नेकपा माले०सम्बद्ध युवा विद्यार्थीको सङ्गठनको रूपमा हेरिन्थ्यो। त्यसले गर्दा विद्यार्थीहरू माथि सरकारको नजर सँधै कडा रहने गर्थ्यो। हामी उहाँहरूलाई पार्टीको चिट्ठीपत्र, पुस्तक आदि कसरी एकअर्का ठाउँमा

–बाँकी तीन पेजमा

## ४२ वर्षअघिको...

होसियारीपूर्वक सुरक्षित ढङ्गले पुऱ्याउने छलफल र प्रशिक्षण गर्थ्यौँ। खुलेका विद्यार्थीहरूको कोठामा सकेसम्म पार्टीका महत्वपूर्ण सामाग्रीहरू राख्दैनथ्यौँ। लेखकले यी विषयहरूबारे आफ्नो संस्मरणमा अनेकौँ प्रसङ्गहरूको चर्चा गर्नु भएको छ।

पुस्तकमा अधिकांश विषयहरू पिस्कर हत्याकाण्ड र अनेकौँ आरोप प्रत्यारोपमा जेल परेका राजनीतिक र अन्य बन्दीहरूको दर्दनाक एवम् जीवन्त कथा–व्यथाहरू समेटिएका छन्। पढ्दा जेलभित्रका कथाहरू केही लामा र विवरणात्मक जस्तो लागे पनि त्यो जेलभित्र हाम्रा बन्दीहरूले भोगेका वास्तविक जीवन हो। साँच्चै भन्दा पञ्चायती राजमा जेल एउटा 'यातना गृह र मृत्यु गृह' जस्ता थिए। त्यसैभित्र बसेर हाम्रा बन्दीहरूले आफ्ना आस्था र विश्वासलाई बचाइराख्न संघर्ष गरेका हुन्। यस दृष्टिकोणले पुस्तक अत्यन्त रोचक र महत्त्वपूर्ण छ। लेखनमा कुनै जटिलता वा क्लिष्टता छैन। लेखहरू सरल ढङ्गले सुनकोशी नदी जस्तै बगेको छ। यसको विशेषता भनेको पढ्न थालेपछि नसकी छोड्न मन लाग्दैन। यसैमा लेखकको सफलता मान्नु पर्छ।

मेरो भन्नु, पिस्कर हत्याकाण्डमा म थिइन, दोषविनाको जेलयात्रा, जागिर र जेलको सम्बन्ध, शब्दबिम्बमा पिस्कर काण्ड, जेलभित्रको शब्दचित्र, सेन्ट्रल जेलभित्रका संघर्ष, दोस्रो अनसन, बमकाण्डको प्रभाव, परीक्षा दिन गरेका संघर्ष, जेलजीवन र चाडपर्व, पञ्चायती व्यवस्थाप्रतिको विकर्षण, राष्ट्रिय पञ्चायतमा जनपक्षीय हस्तक्षेप, जेल एक चरित्र अनेक, जेलभित्रका झगडाहरू, फेरि रिहाइ, फेरि पक्राउ, पढ्न र जाँच दिन पाउने आशा, जेलभित्र पहाड र मधेसको द्वन्द्व, अपराधीहरूको दोस्रो चरित्र, राजबन्दी रिहाइको उपक्रम, आशङ्काहरूका बिचमा मेरो रिहाइ आदि यी उपशीर्षकहरू आफैँमा विषयवस्तुमा पर्याप्त छन्।

साँच्चै यथार्थपरक र मार्मिक पनि। यसैगरी अतिरिक्त सामाग्रीमा पिस्करको वर्ग विश्लेषण, प्रतिरोधी संघर्षमा छत्र बहादुर बोहरा, कस्तो थियो पिस्करको राजनीतिक, सामाजिक तथा आर्थिक परिवेश ?, जगत् बोहरासँग बिताएका क्षणहरू, राजनीतिज्ञ राधाकृष्ण मैनालीकहाँ तिहार मनायौं– वीरगन्ज जेलमा र सुनकोसीका असला माछा खाइयो जस्ता विषयवस्तुले पुस्तकलाई अझ खँदिलो भरिलो र परिपूर्ण बनाएको छ। यस कुराहरूको अध्ययन गर्दा जो कोहीलाई पनि आफैँ जेलभित्र बसेर यातनाहरू भोगेको र संघर्ष गरेको अनुभूति हुन्छ। आस्था र निष्ठाको निम्ती संघर्षको पर्याय बनेका कमरेड पाल्कामाया थामी, छत्र बोहरा र जगत् बोहरा अहिले हामीबिच हुनुहुन्न परन्तु उहाँका निष्ठा आदर्श र दृढता हाम्रा लागि सधैँ प्रेरणाको श्रोत बनिरहेको छ।

पुस्तकमा लेखिएका कुराहरू कुनै मनोगत वा काल्पनिक रचना होइन। यो त्यसवेलाको राजाको कथित पञ्चायती प्रजातन्त्रको एउटा झल्को हो। यसैगरी नेपाली समाजको सही चित्रण पनि। राजको शासनको भजन गाउनेहरूले एकचोटी यो पुस्तक राम्ररी पढे हुन्छ। म त्यही सल्लाह दिन चाहन्छु। आखिर पिस्करका जनताले के बिराएका थिए, के गल्ती गरेका थिए रु के शोषणको विरोध गर्नु र अधिकार खोज्नु अपराध हो ? किसान योद्धा कमरेड इलि थामी र वीर बहादुर थामीले किन अकालमा ज्यान गुमाउनु पऱ्यो यसको सही जवाफ तत्कालीन निरङ्कुश शासकहरूसँग छैन र हुन पनि सक्दैन।

आम लोकतन्त्र, परिवर्तन तथा जनता र राष्ट्रका जीवनमा समृद्धि ल्याउन गरिएको जीवनको बलिदान र संघर्षशील योद्धाहरूको संघर्षको फलस्वरूप मुलुक र हामीले राजनीतिक(आर्थिक उपलब्धिहरू पाएको छौँ। यत्ति नै सबै कुरा होइन। तैपनि यो उपलब्धिहरूलाई पनि खोस्न तथा कमजोर बनाउन अनेकौँ षडयन्त्रहरू भइरहेका छन्। हामीले हामीले उच्च राजनीतिक सुझबुझका साथ प्राप्त लोकतन्त्र र उपलब्धिहरूको रक्षा र विकासका निम्ति एकताबद्ध हुनुपर्छ। यस सम्बन्धमा म धेरै भन्न चाहन्न। सबै भन्दा मुलकुरा राजनैतिक दृढता र वैचारिक सुस्पष्टता नै हो। त्यसमा हामी स्पष्ट हुनुपर्छ।

आफ्नो संस्मरणका उपशीर्षकहरूमा लेखकले सामान्य किसान भइकन पनि पिस्करका क्रान्तिकारी योद्धाहरूको शत्रुसँग लड्ने साहस तथा दृढताको प्रशंसा गर्नु भएको छ। शत्रुका हातमा परेका वेला तत्कालीन प्रतिक्रियावादी सरकारले निर्मम यातना दिएर तथा खनेको लोभ प्रलोभन देखाएर नेताहरूको परिचय र पार्टीका गोपनीयताहरू खुलाउन हदैसम्मको प्रयत्न गरे। त्यतिमात्र होइन उहाँहरूलाई कम्युनिस्ट पार्टीप्रतिको लगाव र आस्थालाई टुटाउन के गरे भन्ने कुराको कुनै लेखाजोखा छैन। मलाई अनेकौँ घटनाहरूको सम्झना हुने गर्छ। पिस्करका किसान महिलाहरू सामान्य र निरक्षर हुन्थे। गरिबिका कारण आङमा कहिल्यै नयाँ कपडा देखिँदैन थियो। तर उहाँहरूको राजनीतिक दृढता भने अद्‌भुत लाग्दथ्यो। प्रहरी अधिकृत र अञ्चलाधीशहरू पिस्करका बन्दीहरूलाई राजा र पञ्चायतको पक्षमा आत्मसमर्पण गराउन यातना र प्रलोभनका अनेकन हतकण्डाहरू अपनाउँदा रहेछन्। तर बन्दीहरूका राजनीतिक दृढता र हिम्मत देखेर आफैँ चकित परेको कुरा मलाई एउटा भेटमा बहुदलीय व्यवस्था पछि बनेका सरकारका प्रमुख निर्वाचन आयुक्त पूर्व बागमती अञ्चलाधिस विष्णु प्रताप शाहले बताएका थिए।

भद्रगोल र सेन्ट्रल जेलमा रहेका पिस्करका राजबन्दीहरूलाई केरकार गर्न बारम्बार बागमती अञ्चलाधीशको कार्यालय ल्याइँदो रहेछ। विष्णु प्रतापजी आफैँ सामुन्ने बसेर अत्यन्त भयावह वातवरणबीच पञ्चायत र राजालाई मान्छु भन, माफी माग, हामी तिमिहरूलाई छोडिदिन्छौँ भन्दै हप्काउँदा रहेछन्। तर बन्दीहरूले किंचित मानेनन्। उनीहरूले भने, 'जति सक्नुहुन्छ राख्नुस् हामी माफी माग्दैनौँ'।

विष्णु प्रतापजीले मलाई भन्नुभयो, 'उनीहरूका दृढता देख्दा मलाई आश्चर्य लाग्यो। यस्ता निश्कलङ्क, निरक्षर मान्छेलाई थुनेर कतै हामीले गल्ती गरेका त छैनौँ ?' मैले आफैँलाई मन मनै प्रश्न गरैँ र मैले तपाईको अनुहार सम्झन पुगैँ। वोहराजीले कसरी त्यस्ता मान्छेलाई चट्टान जस्तो दृढ बनाउनु भयो रु मेरो मन पग्लियो। तर मैले छोड्न सक्दिनथैं। माथिको आदेश नै पिस्करका बन्दीहरूलाई नछोड्नु भन्ने थियो।

शाहजी पहिला म खुल्ला भएको वेला सिन्धुपाल्चोकमा प्रमुख जिल्ला अधिकारी हुनुहुन्थ्यो। गाउँमा 'पचास रुपैँयाको तमसुक' नाटक प्रदर्शन गरेवापत कार्यालयमा सोधपुछका लागि बोलाइएको थियो। तपाईहरू गलत हुनुहुन्छ प्रजातन्त्रको आँधीलाई कसैले रोक्न सक्दैन। यति सामान्य नाटक देखाउँदा पनि सहन नसक्ने भनेर मैले उहाँसँग लामो र खस्रो बहस गरेका थिए। उहाँलाई यो कुराले मनमा गहिरो गरी छोएको रहेछ। पछि उहाँले भन्नुभयो, 'शासक भए पनि म जागिर खान्थेँ। मेरा मनभित्र पनि प्रजातन्त्रको भावना लुकेको थियो।' आज पिस्कर आन्दोलनको बन्दीको संस्मरण पढ्दा मलाई अपरझट सम्झना भएको प्रसंग हो यो। यी घटनाहरूको विश्लेषण गर्दा हामीले भूमिगत कालमा कार्यकर्ता र जनतालाई सही शिक्षा दिएका रहेछौँ भन्ने लाग्छ।

अन्त्यमा, अहिले पठन संस्कृति खस्कँदो अवस्थामा छ। नपढी कुनै पनि कुराको राम्रो र समग्र ज्ञान हुँदैन। टापटिपे सतही अध्ययनको आधारमा आफूलाई सर्वज्ञानको ज्ञाता ठान्नु दम्भपूर्ण प्रवृत्ति हो। पत्रिकाको पनि शीर्षक मात्र पढेर दृष्टिकोण बनाउने रोग अहिले हामीसँग छ। कुनै पनि कुराको साँचो जानकारी हामी खोज्दैछौँ भने त्यसको सम्पूर्ण विषयवस्तुको गहिराइमा पस्नु पर्छ। पिस्कर आन्दोलनको समग्र जानकारी हामी राख्न चाहन्छौँ भने त्यस सम्बन्धी प्रकाशित सामाग्रीहरूको अध्ययन तथा आन्दोलनमा संलग्न योद्धाहरूको अध्ययन गर्नु जरुरी हुन्छ। यो पुस्तक पिस्कर आन्दोलनको मर्म र भावनालाई बुझाउने एउटा महत्त्वपूर्ण पाठ्यसामग्री हो। यसलाई सबैले मेहनतपूर्वक अध्ययन गरौँ। कुनै पनि कुरामा कमीकमजोरीहरू स्वाभाविक छन्।

लेखकलाई सहयोग र हौसला भनेको त्यसमा त्रुटि कमजोरीको तथ्यगत आलोचना पनि हो। आफ्नो रचनात्मक सुझाव र टिप्पणीहरू गरेर आगामी संस्करणको निम्ति सहयोग गरौँ। हतारो र समयको चापबन्दीको अवस्थामा लेखकले आफ्नो संस्मरणको पाण्डुलिपि मलाई थमाउनु भयो। दोहोऱ्याएर पढ्न समेत भ्याइएन। पुस्तकमा भूमिका लेख्नु भनेको असाध्य जिम्मेवार काम हो। म कुनै लेखक वा समालोचक पनि होइन। यसमा मेरो कुनै अनुभव पनि छैन। तैपनि उहाँले एउटा विश्वासले पाण्डुलिपि दिनुभयो। आफू पनि पिस्कर आन्दोलनसँग सम्बन्धित भएकोले जे जानेँ त्यसैलाई कोर्ने कोसिस गरेको छु। प्रतिक्रिया पाठक महोदयकै हो।

पार्टीमा महत्त्वपूर्ण भूमिका निभाउँदै आउनु भएका कमरेड सरेश नेपाललाई मेरो सुझाव छ, यति राम्रो लेखनकला भएको खोज, अध्ययन र सम्झना गर्न सक्ने क्षमतालाई तपाईँले कहिल्यै निष्क्रिय नराख्नुहोस्। हाम्रो राजनीतिक तथा सामाजिक आन्दोलनको विविध क्षेत्रमा आफ्नो कलमलाई आउँदा दिनमा अझ सक्रिय राख्दै नेपाली राजनीति र साहित्यको भण्डारमा थप योगदान गर्न उपयोगी राम्रा रचनाहरू गर्न सफल बन्नु होस्।

कमरेड लेनिनले भने जस्तै साहित्य र संस्कृति भनेका 'क्रान्तिका दाँती र पेचकिला हुन।' यही दृष्टिकोणबाट प्रशिक्षित हुँदै गरिखाने जनताका पक्षमा अघि बढौँ। तपाईंको जेलभित्रका संघर्ष संस्मरण नेपाली राजनीतिक तथा साहित्य जगतमा सधैँ अविस्मरणीय रहनेछ।

(पिस्कर हत्याकाण्डबारे तयार पारिएको पुस्तक 'जेलभित्रका संघर्ष'मा अमृत बोहराले लेखेको भूमिकाको सम्पादित अंश) रातोपाटीबाट


## मोटरसाईकल हराएको सूचना

यही मिति २०८२।०८।२१ गतेका दिन सिरहाको पुरानो चोहर्वाबाट बिहान ०८:०० बजे राखिराखेको अवस्थामा चोरी भएको निम्न विवरणसहितको मोटरसाईलक चोरी हुँदा हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**कम्पनी नाम : टि.भिएस मोटरसाईकल**
**सवारीको मोडेल :** Appfiche 20/6
**बनेको साल : २०१६**
**हर्ष पावरी/सि.सि.: १८० सीसी**
**च्यासिस नम्बर :** MD634KE65G2NO5050
**इन्जिन नं. :** 0E6NG2170522
**सवारीको रंग : ग्रेय**
**सम्पर्क नं. :** 9815729928


# जंगली हात्ती गाउँमा पस्दा तीन घरमा क्षति



**विजयकुमार साह**

ढल्केबर, १ माघ। धनुषाको धनुषाधाम नगरपालिका–६, हरिपुर गाउँमा जङ्गली हात्तीले तीन वटा घरमा क्षति पुऱ्याएको छ। बुधबार राति करिब ११ बजे गाउँ चार वटा जङ्गली हात्ती गाउँ प्रवेश गरेर तीन वटा घरमा क्षति पुऱ्याएको हो। इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार हात्तीले सुकुमाया मिजार, प्रेम लामा र खले मिजारको कच्ची घरमा क्षति पुऱ्याएका हुन्। हात्तीले घरको कच्ची बेरा भत्काएर भित्र भण्डारण गरी राखिएको अन्न तथा जाँड बनाउन राखिएको कच्चा पदार्थ खाइदिएको प्रहरीले जनाएको छ। घटनामा मानवीय क्षति भने नभएको प्रहरीको भनाइ छ।

रातिको समयमा हात्ती गाउँ पसेको सूचना पाउनासाथ प्रहरी टोली घटनास्थल पुगेको र स्थानीयवासीको सहयोगमा हात्तीलाई गाउँबाट धपाइएको प्रहरी निरीक्षक केसीले बताउनुभयो। हात्ती गाउँबाट केही टाढा रहेको आँप बगान क्षेत्रमा गएर बसेको बताइएको छ। स्थानीय खले मिजारले हात्तीले घर भत्काउन थालेपछि ज्यान बचाउन घर छोडेर भागेको बताउनुभयो। हात्तीले घरको बेला भत्काएर भकारीमा भएको धान खाइदिएको उहाँले जानकारी दिनुभयो।

डिभिजन वन कार्यालय धनुषाका वन अधिकृत अनिल साहले हात्ती अझै गाउँ नजिकै नै रहेकाले पुनः गाउँ पस्न सक्ने जोखिम रहेको बताउनुभयो। उहाँले स्थानीयलाई रातको समयमा विशेष सतर्कता अपनाउन, एक्लै बाहिर ननिस्कन र हात्ती देखिए तत्काल प्रहरी तथा वन कार्यालयलाई जानकारी गराउन आग्रह गर्नुभयो।

# सूचना प्रविधिमार्फत हुने दुष्प्रचार न्यूनीकरणमा निर्वाचन आयोगको जोड



काठमाडौं, १ माघ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सूचना प्रविधिमार्फत फैलिन सक्ने मिथ्या सूचना, दुष्प्रचार र घृणास्पद अभिव्यक्ति न्यूनीकरण अहिलेको आवश्यकता रहेको बताउनुभएको छ। प्रतिनिधिसभा सदस्य चुनाव २०८२ को सन्दर्भमा आयोगका कम्प्युटर अपरेटरका लागि आजदेखि काठमाण्डौमा शुरू भएको एकीकृत निर्वाचन व्यवस्थापन सूचना प्रणाली एवम् साइबर सुरक्षासम्बन्धी तालिमको उद्घाटन गर्दै उनले दुष्प्रचार नियन्त्रणका लागि आयोगको सूचना प्रविधिमा कार्यरत सम्पूर्ण कर्मचारीले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताए। भण्डारीले सूचना प्रविधिको प्रयोग गर्दै मतदाता नामावली दर्ता, मतदाता नामावली व्यवस्थापन, इभेन्ट ट्र्याकिङ सिस्टम, उम्मेदवारको खर्च व्यवस्थापन प्रणाली, अब्जर्भर व्यवस्थापन, उम्मेदवारको मनोनयनपत्र दर्तादेखि चुनावको परिणाम घोषणासम्मका काम भइरहेको बताए। तालिममा ७७ जिल्ला निर्वाचन कार्यालय र ७ प्रदेश निर्वाचन कार्यालयका कम्प्युटर अपरेटरहरूको सहभागिता रहेको छ।

## सुत्केरी र नवजात...

संक्रमणको जाँचसहित आवश्यक परामर्श दिइने छ।'

नगरपालिकाले पछिल्लो करिब चार वर्षदेखि हरेक महिनाको २२ गते २४ वटा वडा क्षेत्रमा आलोपालो 'सुत्केरी तथा गर्भवती पोषण प्याकेज' अन्तर्गत पोषणयुक्त खानेकुरा समेत वितरण गर्दै आएको छ। घरमै असुरक्षित रुपले गराइने प्रसूति निरुत्साहित गर्न प्रोटेकल अनुसार गर्भजाँच, त्यस्तो अवस्थामा पोषणयुक्त खानेकुराको सेवन, गर्भवती र सुत्केरी अवस्थामा अपनाउनु पर्ने सावधानी लगायतका विषयमा स्वास्थ्य चौकीसहित गाउँघर क्लिनिकमार्फत परामर्श दिइने गरिएको स्वास्थ्य शाखाले जनाएको छ।

# विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस कार्यसमितिले पार्टीको विवरण अद्यावधिक गर्न निवेदन दियो



धनुषा, १ माघ। जनकपुरधामका दुई छुट्टाछुट्टै स्थानमा टिपरले ठक्कर दिँदा एक वृद्धको मृत्यु भएको छ भने एक महिला गम्भीर घाइते भएकी छन्। विहीबार जनकपुरधामको शुभचोकमा ना८ख ८२५७ नम्बरको टिपरले ज७प २८३७ नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा धनुषाको क्षिलेश्वनाथ नगरपालिका रमदैयाभवाडीका ७५ वर्षीय राजकिशोर यादवको घटनास्थलमै मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख रुगमबहादुर कुँवरका अनुसार तीव्र गतिका कारण उक्त दुर्घटना भएको हो।

त्यस्तै, जनकपुरधामकै रामानन्द चोकमा प्रदेश २-००३१ क ०७७५ नम्बरको टिपरले साइकललाई ठक्कर दिँदा मिथिला बिहारी नगरपालिका-७ की ३० वर्षीया नितु साह गम्भीर घाइते भएकी छन्। उनको जनकपुरमा उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौँ पठाइएको प्रहरी प्रवक्ता गणेशबहादुर बमले जानकारी दिएका छन्। जनकपुरधाम उपमहानगरपालिकाभित्र ठूला र भारी सवारीसाधनको अव्यवस्थित सञ्चालनका कारण पछिल्लो समय दुर्घटनाको जोखिम निकै बढ्दै गएको छ।

बजार क्षेत्रमा समय र रुट निर्धारण नगरी टिपर, ट्रक र बस जस्ता सवारीसाधन चल्दा सर्वसाधारणको जनजीवन असुरक्षित बनेको छ। दुर्घटनापछि आक्रोशित स्थानीयले टिपरमा तोडफोड गर्नुका साथै आगजनीको प्रयास समेत गरेका थिए। प्रहरीले स्थिति नियन्त्रणमा लिई मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल पठाएको छ भने दुवै घटनामा संलग्न टिपर र चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ।

# पाटेबाघको आक्रमणमा परि एक हप्तामा तीन जनाको ज्यान गयो



काठमाडौं, १ माघ। पाटेबाघको आक्रमणमा परि एक हप्ताभित्र सुर्खेत र सल्यानका गरि तीन जनाको ज्यान गएको छ। गएको पुस २३ गते सुर्खेतको भेरीगङ्गा नगरपालिका वडा नम्बर ५ गेरवानी क्षेत्रमा ५७ वर्षीया गंगा सारु, पुस २६ गते त्यही क्षेत्रसँग सीमा जोडिएको सल्यानको कालीमाटी गाउँपालिका वडा नम्बर ७ की धनसरी रावत र पुस २९ गते कालीमाटी-८ का ६५ वर्षीय चन्द्रबहादुर खप्तडीलाई पाटेबाघले आक्रमण गरेपछि ज्यान गएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायब उपरीक्षक हेमबहादुर केसीले जानकारी दिए।

सल्यानको कालीमाटी र सुर्खेतको भेरीगङ्गाका केही क्षेत्र बाँके र बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएकाले पनि घाँसदाउरा गर्न जानेहरू पाटेबाघको आक्रमणमा पर्ने गरेका उनको भनाइ छ। बाघले दुई वटा घरपालुवा गाईगोरु पनि मारेको छ। बाघले मानिस तथा घरपालुवा पशुमाथि आक्रमण गर्ने तथा आतङ्क फैलाउन थालेपछि डिभिजन वन कार्यालय सल्यानले बाघलाई समात्ने वा मार्ने आदेश जारी गर्दै तत्काल कार्यान्वयन गर्न बाँके राष्ट्रिय निकुञ्जलाई पुस ३० गते पत्राचार गरेको सल्यानका डिभिजन वन अधिकृत टेकबहादुर रावलले जानकारी दिए।

# विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस कार्यसमितिले पार्टीको विवरण अद्यावधिक गर्न निवेदन दियो

काठमाडौं, १ माघ। नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिले पार्टीको विवरण अद्यावधिक गर्न निर्वाचन आयोगमा निवेदन दिएको छ। सभापति गगनकुमार थापासहितको टोली कानूनविद्हरूसमेत लिएर आयोग कार्यालयमा पुगि पार्टीको विवरण अद्यावधिक गर्न निवेदन दिएको हो। कार्यवहाक निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई निवेदन बुझाउँदै सभापति थापाले छिट्टै निर्णय दिन आग्रह गर्नुभयो। माघ ६ गतेको समयसीमालाई ख्याल गरि चाँडो निर्णय गर्न थापाको अनुरोध छ।सभापति थापाले विधानअनुसार विशेष महाधिवेशन सम्पन्न भएको भन्दै आवश्यक सबै विवरण साथै पेश गरेको जानकारी गराउनुभयो। आयोगले निवेदन स्वीकार गरे पनि कुनै प्रतिक्रिया दिएको छैन। निवेदन दिन आयोग जानुअघि सभापति थापाको नेतृत्वमा बसेको बैठकले निर्वाचन आयोगमा हस्ताक्षरसहित अन्य पदाधिकारीहरूको विवरण पनि अध्यावधिक गराउने निर्णय गरेको थियो। कांग्रेस विशेष महाधिवेशनले गएराति थापाको नेतृत्वमा पदाधिकारी र केन्द्रीय समिति सर्वसम्मत चयन गरेको थियो। आयोगले उनीहरूको निवेदन स्वीकार गरेर अद्यावधिक गरेमा उनीहरू वैधानिक रूपमा नेपाली कांग्रेस हुनेछन्।



आजको बैठकले नयाँ कार्यसमितिको आजको बैठकले देवराज चालिसेलाई प्रवक्ता नियुक्त गरेको छ। प्रवक्ता चालिसेका अनुसार बैठकले आउँदो चुनाव केन्द्रित घोषणापत्र तयार पार्न सभापति थापाकै नेतृत्वमा चुनावी घोषणापत्र लेखन समिति र उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा चुनाव परिचालन समिति गठन गर्ने निर्णय भएको छ।

# स्वास्थ्य बीमा कार्यक्रमको १ दशकमा स्रोतको अभाव झन् गहिरिँदै

काठमाडौं, १ माघ। नेपालमा स्वास्थ्य बीमा कार्यक्रम शुरू भएको एक दशकमा पहुँच विस्तार भए पनि आम्दानी र खर्चबीचको खाडल गहिरिँदै गएको छ। अहिले झन्डै ६८ लाख नागरिक सक्रिय बीमित छन् र कार्यक्रम ७७ जिल्लाका ७ सय ५० पालिका र ५ सय १० अस्पतालमा सञ्चालनमा छ। बीमा परिवारप्रति वार्षिक ३ हजार ५ सय रुपैयाँ प्रिमियममा आधारित भए पनि झन्डै ५५ प्रतिशत नागरिकको प्रिमियम राज्यले तिर्दै आएको छ। चालू आर्थिक वर्षमा सरकारको अनुदान १० अर्ब र संकलित प्रिमियम ३.७३ अर्ब भए पनि अस्पताल खर्च तीव्र रूपमा बढ्दै मासिक दाबी २ देखि २.५ अर्बसम्म पुगेको छ, जसले वार्षिक दायित्व २५-३० अर्बसम्म पुग्ने अनुमान गरिएको छ।

बोर्डले खर्च व्यवस्थापन, चुहावट नियन्त्रण र प्रणाली सुधार मार्फत केही खाडल घटाउन सकिने बताएको छ, तर सामाजिक सुरक्षामा आधारित कार्यक्रम भएकाले राज्यको अनुदान अपरिहार्य छ। स्रोत अभाव समाधानका लागि प्रिमियम वृद्धि, प्रोग्रेसिभ प्रिमियम, बीमा अनिवार्य बनाउने, विभिन्न सामाजिक कार्यक्रमलाई एउटै छातामुनि ल्याउने र चुरोट-मदिराबाट कर छुट्याउने प्रस्ताव गरिएको छ। साथै, स्वास्थ्य बीमा बोर्डमा झन्डै १ हजार स्थायी कर्मचारी दरबन्दी आवश्यक भए पनि स्वीकृत नभएकोले सेवा व्यवस्थापनमा चुनौती थपिएको छ।

### *थारु बस्तीमा...*

अनुसार माघी केवल खानपिनमा मात्र सीमित छैन। उनले भने, "थारु जातिका थरीथरीका परिकारको स्वाद लिनु, आफ्नै मौलिक भेषभूषामा सजिनु र थारु भाषाका गीतमा झुम्नु नै माघीको वास्तविक सुन्दरता हो। यसले हाम्रो भाषा र संस्कृतिलाई पुस्तान्तरण गर्न मद्दत पु-याउँछ।"

त्यस्तै, धनगढीमाईमा 'तेस्रो जिल्लास्तरीय तिला सङ्क्राइत उत्सव-२०८२' को सम्पूर्ण तयारी पूरा भएको छ। नगर संयोजक शम्भू चौधरीले उत्सवमार्फत समुदायको कला र संस्कृति प्रदर्शन गरिने जानकारी दिए। माघीको अघिल्लो रात आगोको धुनी बालेर ताप्ने र भोलिपल्ट बिहानै (भाले बासेसँगै) पवित्र नदी वा खोलामा गएर स्नान गर्ने परम्परा छ। नुहाएर फर्किएपछि घरका मान्यजनलाई ढोग गर्ने र 'खिचडी' दान गर्ने विशेष चलन छ। स्थानीय जानकार अनिल चौधरीका अनुसार यो पर्वले सामाजिक एकता र भ्रातृत्वलाई बलियो बनाउँछ। उनि भन्छन्, "हामी माघीमा नुहाएर आएपछि आफूभन्दा ठूलाको आशीर्वाद लिन्छौँर तिल, चामल लगायतका सामग्री दान गर्छौं। यो हाम्रो पुर्खादेखि चल्दै आएको पवित्र संस्कार हो।" वेशभूषा, नाचगान र खानपिनको सङ्गम मानिने माघीले सिरहाका थारु बस्तीलाई अहिले उत्सवमय बनाएको छ।

# महोत्तरी-३ बाट चुनाव लड्न बालेन शाहलाई रास्वपाका कार्यकर्ताको निम्तो

धनुषा, १ माघ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) महोत्तरीका कार्यकर्ता तथा युवा समाजका अगुवाहरूले महोत्तरी क्षेत्र नम्बर ३ बाट निर्वाचनमा उम्मेदवारी दिन बालेन शाहलाई निम्तो दिएका छन्। अनिल पाण्डे, विजय विनीत पाण्डे लगायत दर्जनौँ व्यक्तिहरूले बालेन शाहलाई भेटेर चुनाव लड्न आग्रह गरेका हुन्। काठमाडौँस्थित ज्वागलमा रहेका कुमार व्यञ्जनकारको निवासमा बालेन शाहसँग भेट गरी आफूहरुले उक्त निम्तो दिएको पाण्डेले बताए। भेटका क्रममा करिब एक घण्टा लामो छलफल भएको थियो।

पाण्डेले छलफलका क्रममा महोत्तरी क्षेत्र नम्बर ३ को वस्तुस्थिति जानकारी गराउँदै सो क्षेत्रले बालेन शाहलाई खोजेको बताए। बालेन शाहको पैत्रिक गाउँ समेत महोत्तरी क्षेत्र नम्बर ३ अन्तर्गत पर्ने एकडारा गाउँपालिका भएकाले यस क्षेत्रका जनताले आफ्नै पुर्खौली भूमिबाट निर्वाचन लड्न आग्रह गरिरहेको कुरा उनले बालेनलाई जानकारी गराएका थिए।

झापाबाट बालेन शाह निर्वाचन लड्ने चर्चा भइरहे पनि महोत्तरी क्षेत्र नम्बर ३ पनि आफ्नो प्राथमिकतामा रहेको बालेनले बताएको पाण्डेले जानकारी दिए। उनका अनुसार माघ ५ गते महोत्तरीको पिपरामा राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालय उद्घाटन कार्यक्रममा बालेन शाह र पार्टी सभापति रवि लामिछाने सहभागी हुने कार्यक्रम तय भएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट :** मार्गानुगामी दैनिक **कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)